# बारबर्दिया नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ | संख्याः ११ | प्रमाणिकरणः२०८०।१२।३०

प्रकाशन मितिः २०८१।०१।३१

## भाग-२

## बारबर्दिया नगरपालिका

### खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधी, २०८०

प्रस्तावनाः

बारबर्दिया नगरपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको पहुँच सबै नगरवासीहरुमा पुर्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई संस्थाको स्थापना, दर्ता तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले बारबर्दिया नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बारबर्दिया नगरपालिकावाट यो कार्यविधि बनाई लागु गरिएको छ ।

#### परिच्छेद-१

#### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिका जयनगर, बर्दियालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले बारबर्दिया नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

नगर प्रमुख

(ग) "कार्यालय" भन्नाले बारबर्दिया नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(घ) "नगर प्रमुख" भन्नाले बारबर्दिया नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "नगर उपप्रमुख" भन्नाले बारबर्दिया नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बारबर्दिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाईसँग सम्वन्धित सेवा उपयोग गर्ने व्यक्ति/संघ/संस्थालाई सम्झनु पर्दछ।

(ज) "संस्था" भन्नाले नगरपालिका भित्रका खानेपानी तथा सरसफाई योजनाहरु सञ्चालन गरी उपभोक्ताहरुलाई सहज र सुलभ रुपमा खानेपानीको सुविधा उपलब्ध गराउने तथा सरसफाई सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने गरी गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई जनाउँछ ।

(झ) "समिति" भन्नाले खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका सदस्यहरुमध्येबाट संस्थाको कार्य सञ्चालन तथा व्यवस्थापन गर्नका लागि चयन गरिएको सञ्चालक समितिलाई सम्झनु पर्दछ।

(ञ) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ८ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनु पर्दछ।

(ञ) "खानेपानी" भन्नाले तोकिएको मापदण्ड बमोजिमको स्वच्छ पिउने पानीलाई सम्झनु पर्दछ।

(ञ) "धारा" भन्नाले खानेपानीको उपभोग गर्नको लागि कुनै व्यक्ति, संघसंस्था वा निकायका नाममा जडान गरिदिएको खानेपानीको धारालाई सम्झनु पर्दछ।

(ट) "महसुल" भन्नाले धाराको सुविधा उपभोग गरेवापत उपभोक्ताले उक्त खानेपानी संस्थालाई बुझाउनु पर्ने खानेपानी सेवा महसुल सम्झनु पर्दछ।

(ठ) "मिटर" भन्नाले खानेपानीको खपतको परिमाण नाप्ने उद्देश्यले उपभोक्ताको पाइप लाइनमा जडान गरिने पानी मिटरलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## खानेपानी तथा सरसफाई व्यवस्थापन समिति

**३. समितिको गठनः**

(१) नगरपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाई योजनाहरुको व्यवस्थापन, अनुगमन तथा नियमन लगायतका कार्य गर्नका लागि नगर प्रमुखको संयोजकत्वमा एक नगरस्तरीय खानेपानी तथा सरसफाई व्यवस्थापन समिति देहायका पदाधिकारीहरु रहने गरी गठन हुनेछ ।

१) नगर प्रमुख - संयोजक

२) नगर उपप्रमुख - सदस्य

३) सम्पूर्ण वडाका वडा अध्यक्षहरु - सदस्य

नगर प्रमुख

CamScanner

४) संयोजकले मनोनित गरेका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका १ जना महिला सहित २ जना प्रतिनिधि - सदस्य

५) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

६) खानेपानी तथा सरसफाई शाखाका प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकताअनुसार अन्य सरोकारवालाहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) खानेपानी तथा सरसफाई शाखा स्थापना नभएको खण्डमा वा खानेपानी तथा सरसफाई शाखाका प्रमुख अनुपस्थित भएमा प्रमुख प्रशासकीय अधिकृतले तोकेले कर्मचारीले सदस्य सचिवको रुपमा काम गर्नेछन्।

४. समितिको काम, कर्तव्य र अधिकारः दफा ३ को उपदफा १ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकामा खानेपानी तथा सरसफाई क्षेत्रको व्यवस्थापन सूचना प्रणाली स्थापना गरी खानेपानी तथा सरसफाई योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्क व्यवस्थापन गरी अद्यावधिक गर्ने/गराउने ।

(ख) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको नियमन गर्ने।

(ग) अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापना गरी खानेपानी तथा सरसफाई योजनाहरुको सञ्चालन अवस्था तथा व्यवस्थापनको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने।

(घ) योजनाको सञ्चालन अवस्था तथा व्यवस्थापनको मूल्याङ्कनको आधारमा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई पुरस्कार तथा दण्डको पद्धति स्थापना गरी कार्यान्वयनमा ल्याउने ।

## परिच्छेद-३

## खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको गठन र दर्ता

५. उपभोक्ता संस्थाको गठनः

(१) नगर क्षेत्रभित्र खानेपानी तथा सरसफाई सम्वन्धी कार्य गर्नका लागि कुनै निश्चित क्षेत्र भित्रका उपभोक्ताहरु मिलेर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था गठन गर्न सक्नेछन्।

६. दर्ता नगरी संस्था सञ्चालन गर्न नहुनेः

(१) कसैले पनि यस कार्यविधि बमोजिम खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ता नगरी सञ्चालन गर्न हुँदैन।

७. दर्ताको लागि दरखास्त दिनुपर्नेः

(१) यस नगरपालिकाको क्षेत्रभित्र गठन गरिएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनुपर्नेछ।

नगर प्रमुख

(२) उपदफा (१) बमोजिम दर्ताको लागि दरखास्त दिँदा देहाय बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछः

क)अनुसूची-१ बमोजिमको निवेदन

ख) सञ्चालक समितिका पदाधिकारीहरुले प्रमाणित गरेको संस्थाको विधान २ प्रति

ग)उपभोक्ताहरुको आमभेलाको निर्णयको प्रमाणित प्रतिलिपि

घ)सञ्चालक समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ङ)सम्बन्धित वडा कार्यालयको सिफारिस

८. दर्ता गर्नुपर्नेः

(१) दफा ७ को उपदफा १ बमोजिम प्राप्त दरखास्त सहितका कागजातहरु छानबिन गरी दरखास्त परेको मितिले ३० दिनभित्र दर्ता गर्ने अधिकारीले संस्था दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछ।

(२) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम दर्ता भई यस नगरपालिकाभित्र सञ्चालनमा रहेका उपभोक्ता संस्थाहरु समेत यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ।

९. उपभोक्ता संस्था सङ्गठित संस्था हुनेः

(१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) उपभोक्ता संस्थाको सम्पूर्ण कामकारवाहीका निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो पर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

## परिच्छेद-४

## खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको उद्देश्य र कार्य

१०. संस्थाको उद्देश्यः

(१) कार्यक्षेत्रमा आधारित र उपभोक्ता केन्द्रित भई आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई सङ्गठित गर्ने, स्वच्छ तथा गुणस्तरीय खानेपानीको व्यवस्था गर्ने र खानेपानी तथा सरसफाई योजनाको मर्मत सम्भार तथा रेखदेख गर्ने संस्थाको मुख्य उद्देश्य हुनेछ।

११. संस्थाको कार्यः संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछन् :

(क) खानेपानी तथा सरसफाई योजनाका उपभोक्ताहरुलाई सङ्गठित गर्ने,

(ख) संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाई सेवामा गुणस्तंर कायम गर्ने,

(ग) खानेपानी तथा सरसफाई योजनाको मर्मत सम्भार तथा रेखदेख गर्ने

नगर प्रमुख

लुम्बिनी प्रदेश, नेपाल

(घ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(ङ) नगरपालिका, नगरस्तरीय खानेपानी तथा सरसफाई व्यवस्थापन समिति तथा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(च) विधानमा उल्लेखित अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-५

## संस्थाको विधान

१२. विधान बनाउनुपर्नेः

(१) संस्थाले यस कार्यविधिको अधिनमा रही आफ्नो कार्य सञ्चालनका लागि विधान बनाउनु पर्नेछ।

(२) उपदफा १ बमोजिमको विधान दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ।

१३. विधान संशोधनः

(१) संस्थाको साधारण सभाको कुल सदस्य सङ्ख्याको बहुमतबाट सो संस्थाको विधान संशोधन हुन सक्नेछ।

(२) उपदफा १ बमोजिमको संशोधन भएको विधान दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ।

## परिच्छेद-५

## सदस्यता

१४. सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्नेः

(१) संस्थाको सदस्य भई खानेपानी तथा सरसफाई सेवा प्राप्त गर्न चाहने व्यक्तिले संस्थाको सञ्चालक समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा १ बमोजिम निवेदन परेको ३५ दिनभित्र सञ्चालक समितिले सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ।

(३) उपदफा २ बमोजिम सञ्चालक समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिन भित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा ३ बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्वन्धित व्यक्तिले दर्ता गर्ने अधिकारी समक्ष उजुर गर्न सक्नेछ।

नगर प्रमुख

(५) उपदफा ४ बमोजिम प्राप्त उजुरी छानबिन गर्दा निवेदकलाई सदस्यता दिनुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ।

(६) उपदफा ५ बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्वन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारी समक्ष गराउनु पर्नेछ।

१५. सदस्य हुन नपाउनेः

(१) कुनै व्यक्ति एक भन्दा बढी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको सदस्य हुन पाउने छैन। तर यो कार्यविधि प्रारम्भ हुनु अघि कुनै व्यक्ति एक भन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता राख्नु पर्नेछ।

(२) एउटै परिवारका एक भन्दा बढी व्यक्तिहरु संस्थाको सदस्य हुन पाउने छैनन्।

१६. सदस्यताको समाप्तिः

(१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार वार्षिक साधारण सभामा विना सूचना तीन पटक सम्म अनुपस्थित भएमा,

(घ) दफा १५ बमोजिम सदस्यता देखिएमा,

(ङ) संस्थाको कार्यक्षेत्र भन्दा बाहिर बसाईसरी गएमा।

(च) सदस्यको मृत्यु भएमा ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारणसभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यबाट हटाउन सकिने छैन।

## परिच्छेद-५

## साधारणसभा र सञ्चालक समिति

१७. साधारणसभाः

(१) उपभोक्ता संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारणसभा हुनेछ।

(२) उपभोक्ता संस्थाका सम्पूर्ण सदस्यहरु साधारणसभाका सदस्य हुनेछन्।

(३) संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक साधारणसभा

(ख) वार्षिक साधारणसभा

(ग) विशेष साधारणसभा

नगर प्रमुख

१८. <u>प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार:</u> प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ङ) विधानमा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

१९. वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारः साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) विधान संशोधन तथा पारित गर्ने,

(घ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ङ) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(च) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(छ) समितिलाई आवश्यक निर्देशन दिने,

(ज) विधानमा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२०. <u>साधारण सभाको बैठक :</u>

(१) संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारणसभा बोलाउनु पर्नेछ ।

(२) संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ।

(३) संस्थाले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :–

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने सञ्चालक समितिवाट निर्णय भएमा

(ख) विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाई पच्चिस प्रतिशत सदस्यले सञ्चालक समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा २१ को उपदफा १ बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक समितिबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी दिई सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

नगर प्रमुख

CamScanner

२१. <u>विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्ने:</u>

(१) संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजूरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको सञ्चालक समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछः

(क) संस्थाको विधान विपरित कार्य गरेमा,

(ख) यो कार्यविधि, यस कार्यविधिअन्तर्गत बनेको मापदण्ड तथा निर्देशिका विपरीत कार्य गरेमा,

(घ) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(ङ) दफा २३ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा।

(२) उपदफा (१) बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा सञ्चालक समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारणसभाको बैठक बोलाउनु पर्नेछ र साधारणसभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारीसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारणसभा नबोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारणसभा बोलाउन सक्नेछ ।

(४) संस्थाको साधारणसभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २० को (४) मा भएको व्यवस्था सोहीअनुसार हुनेछ ।

(६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा पायकको स्थानमा, सञ्चालक समितिका सदस्यहरुलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

२२. <u>सञ्चालक समितिः</u>

(१) संस्थामा साधारणसभाबाट निर्वाचित एक ७ देखि १३ सदस्यीय सञ्चालक समिति रहनेछ । तर, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी उम्मेदवार हुन पाउने छैन ।

नगर प्रमुख

(२) उपदफा (१) बमोजिमको समितिमा समावेशी सिद्धान्तको अवलम्वन गर्नुपर्ने छ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष र सचिव मध्ये कम्तीमां एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

(३) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

२३. <u>सञ्चालक समितिको निर्वाचन</u> :(१) सञ्चालक समितिले आफ्नो कार्यावधि समाप्त हुनु कम्तिमा एक महिना अघि अर्को सञ्चालक समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विधानमा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

२४. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) संस्थाको विधान बमोजिम संस्थाको सञ्चालन गर्ने,
(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने गराउने,
(ग) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा तथा विशेष साधारणसभा बोलाउने,
(घ) साधारणसभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,
(ङ) संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारणसभा समक्ष पेश गर्ने,
(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,
(छ) सम्बन्धित संघको सदस्यता लिने,
(ज) संस्थाको विधानमा उल्लेखित अन्य कार्यहरु गर्ने

नगर प्रमुख

२५. <u>सञ्चालक समितिका पदाधिकारी पदमा बहाल नरहने:</u> देहायको कुनै अवस्थामा सञ्चालक समितिका पदाधिकारी आफ्नो पदमा बहाल रहन सक्ने छैनन्:-

(क) निजले दिएको राजीनामा सञ्चालक समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा २६ उपदफा १ बमोजिम पदाधिकारीबाट हटाउने निर्णय भएमा,

(ग) निजको मृत्यु भएमा।

२६. <u>पदाधिकारीलाई पदबाट हटाउन सक्ने:</u>

(१) साधारणसभाले वहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालक समितिका पदाधिकारीलाई पदबाट हटाउन सक्नेछः

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुर्‍याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(घ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(ङ) कुनै पदाधिकारीमा यो कार्यविधि, यस कार्यविधि अन्तर्गत बनेको मापदण्ड वा निर्देशिकामा उल्लिखित योग्यता नरहेमा ।

(२) कुनै पदाधिकारीलाई सञ्चालक समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो पदाधिकारीलाई
साधारणसभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै पदाधिकारीले सफाई पेश नगरेमा वा निजले पेश गरेको
सफाई सन्तोषजनक नभएमा साधारणसभाले त्यस्तो पदाधिकारीलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदाधिकारीको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको
निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै पदाधिकारी हटेमा त्यस्तो पदमा साधारणसभाले बाँकी अवधिको लागि
अर्को पदाधिकारीको निर्वाचन गर्नेछ ।

२७. <u>सञ्चालक समितिको विघटन :</u>

(१) साधारणसभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार ज़ोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विधानमा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

नगर प्रमुख

CamScanner

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको मापदण्डमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारणसभाले नयाँ सञ्चालक समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको मापदण्ड बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २१ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

## परिच्छेद-६
## अभिलेख र सूचना

२८. **अभिलेख राख्नु पर्ने:**

(१) संस्थाले साधारणसभा तथा सञ्चालक समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

२९. **विवरण उपलब्ध गराउनु पर्ने:**

(१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आ.व. समाप्त भएको तीन महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछः

(क) कारोबारको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन

(ख) वार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) सञ्चालक समितिका पदाधिकारीहरुको नाम तथा बाँकी कार्यावधिको सूची,

(घ) साधारणसभाको बैठक सम्वन्धी जानकारी,

(ङ) सदस्य सङ्ख्या,

(च) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण

नगर प्रमुख

CamScanner

## परिच्छेद-७

## लेखा र लेखापरीक्षण

३०. <u>कारोबारको लेखा:</u> संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा देखिने गरी संघीय कानून बमोजिम रजिष्ट्रारले लागू गरेको लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस कार्यविधि बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

३१. <u>लेखापरीक्षण:</u>

(१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम ईजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षण ईजाजतपत्रप्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारणसभासमक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारणसभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारणसभाले दफा ३२ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ।

३२. <u>लेखापरीक्षकको नियुक्ति:</u>

(१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम ईजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारणसभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

३३. <u>लेखापरीक्षकमा नियुक्त हुन नसक्ने:</u>

(१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन :-

(क) संस्थाको पदाधिकारी,

(ख) संस्थाको सदस्य,

(ग) संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको व्यक्ति,

नगर प्रमुख

जितपुरसिमरा उपमहानगरपालिका ... नगरकार्यपालिकाको कार्यालय ... प्रदेश, नेपाल

CamScanner

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नुपर्नेछ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा
वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु
पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन।

## परिच्छेद-८
## एकीकरण, बिघटन तथा दर्ता खारेज

३४. **एकीकरण तथा विभाजन सम्बन्धी व्यबस्थाः**
(१) यस कार्यविधिको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त समेत खुलाउनु पर्नेछ।

(४) संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाटपारित भएको एकीकरण वा विघटनको निर्णय संस्था दर्ता गर्ने अधिकारीबाट प्रमाणित भएपछि मात्र कार्यान्वयन हुनेछ।

३५. **विघटन र दर्ता खारेजः**
(१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाई बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि सञ्चालक समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनसक्नेछः

(क) विधानमा उल्लेखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा

नगर प्रमुख

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यरतो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछः

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको मापदण्ड विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विधानमा उल्लेखित उद्देश्य विपरीत कार्य गरेमा,

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ।

(६) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

## परिच्छेद-९

## दर्ता गर्ने अधिकारी

३६. <u>दर्ता गर्ने अधिकारीः</u>

(१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस कार्यविधि बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछन ।

## परिच्छेद -१०

## निरीक्षण तथा अनुगमन

३७. <u>निरीक्षण तथा अभिलेख जाँच गर्नेः</u>

(१) दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ।

३८. <u>छानविन गर्न सक्नेः</u>

(१) कुनै संस्थाले सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा वीस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्वन्धित सञ्चालक समितिको कर्तव्य हुनेछ ।

नगर प्रमुख

CamScanner

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्वन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

## परिच्छेद-११

## विविध

**३९. निर्देशन दिनेः**

(१) नगर कार्यपालिका वा नगरस्तरीय खानेपानी तथा सरसफाई समितिले नगरमा रहेका सम्पूर्ण खानेपानी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।

**४०. मापदण्ड बनाउने अधिकारः**

(१) यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

**४१. खारेजी र बचाउः**

(१) यस कार्यविधिमा उल्लेख गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन्।

नगर प्रमुख

अनुसुची-१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**निवेदन पत्रको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

बारबर्दिया नगरपालिका, जयनगर बर्दिया ।

विषयः खानेपानी तथा सरसफाई संस्था दर्ता गारदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा हामीले ...................................... खानेपानी तथा सरसफाई संस्था गठन गरी बारबर्दिया नगरपालिकाको खानेपानी तथा सरसफाई संस्था व्यवस्थापन कार्यविधि- २०८० को दफा (८) को उपदफा (१) बमोजिम दर्ता गराउन चाहेकोले देहायको विवरण खुलाई आवश्यक कागजातहरु सहित सहित दरखास्त दिएका छौं।

तपसिलः

१. उपभोक्ता संस्थाको नामः

२. कार्यक्षेत्रः

३. उद्देश्यहरूः

(क)

(ख)

(ग)

४. सदस्यहरूको विवरणः

| सि.नं. | पद | पदाधिकारीको नाम/थर | ठेगाना | मोबाईल नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९ | | | | | | |

नगर प्रमुख

बारबर्दिया नगरपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |
| १३. | | | | | | |

५. उपयोग गरिने जलस्रोतको विवरणः

(क) जलस्रोतको नाम र रहेको ठाउँः

(ख) जलस्रोतबाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः

(घ) उक्त जलस्रोतको हाल भईरहेको उपयोगः

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पुर्याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

९. संलग्न कागजातहरुः

१. संस्थाको विधान

२. समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

३. आमभेलाले उपभोक्ता संस्था गठन गर्ने भनी निर्णय गरेको निर्णयको प्रतिलिपि

४. सम्बन्धित वडा कार्यालयको सिफारिस

खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०८०

नगर प्रमुख

निवेदक

(उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको)

सहीः ......................

नामः ......................

पदः ......................

ठेगानाः ......................

अनुसूची २

(दफा ८ को उपदफा १ सँग सम्बन्धित)

बारबर्दिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जयनगर बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

**खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र**

दर्ता नं. .............                                   दर्ता मितिः२०.......।.......।......

बारबर्दिया नगरपालिकाको "खानेपानी तथा सरसफाई संस्था व्यवस्थापन कार्यविधि, २०८०" को दफा (८) को उपदफा (१) बमोजिम बारबर्दिया नगरपालिका वडा नं. ......., ......................मा रहेको ..................................खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

| संस्थाको आधिकारीक छाप |
|---|

**प्रमाणपत्र दिनेको**

दस्तखतः............................

नामः...............................

पदः.......................................

मितिः२०......।.........।.........

खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०८०

संस्थाको नवीकरण सम्बन्धि विवरण

| नवीकरण गर्ने अधिकारीको नाम | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नविकरण गर्ने अधिकारीको दस्तखत र कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि २०८०

नगर प्रमुख

CamScanner

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

आज्ञाले

धर्मराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत